# राष्ट्रिय सहकारी बैंक लि.

## NATIONAL CO-OPERATIVE BANK LTD.

**परामर्श कार्यक्रम**

मधेश प्रदेशका सहकारी संघ/संस्थाहरुको लागि

# अभौतिक (भर्चुअल) परामर्श कार्यक्रम

राष्ट्रिय सहकारी बैंक लि.ले नियमित रुपमा सञ्चालन गर्दै आइरहेको "परामर्श कार्यक्रम" अन्तर्गत मधेश प्रदेशका सहकारी संघ/संस्थाहरुलाई लक्षित गरेर प्रदेशस्तरिय परामर्श कार्यक्रमका रुपमा मिति २०८३ भाद्र २२ गते सोमबार (बिहान ११:०० बजेदेखि) सञ्चालन हुने "मधेश प्रदेश सहकारी रजिष्ट्रारद्वारा मिति २०८३।०४।२६ मा जारी भएको विशेष निर्देशन सम्बन्धी परामर्श कार्यक्रम" मा दिइएको Meeting ID र Passcode वा जुम लिंक मार्फत सहभागिता जनाई लाभान्वित हुनका लागि हार्दिक अनुरोध गर्दछौं।

### कार्यक्रम मिति र समय

मिति:
२०८३ भाद्र २२ गते सोमबार

समय:
बिहान ११:०० बजेदेखि

### अभौतिक (भर्चुअल) सहभागिताका लागि विवरण

zoom

Topic: Madhesh - MPCRO Special Instruction

Time: Sep 7, 2026 11:00 Kathmandu

Join Zoom Meeting
https://zoom.us/j/98478399557?pwd=GmcbeOtT73ZhVlwC4fJ1KhllpmkWHi.1

Meeting ID: 984 7839 9557

Passcode: ncbl

**आयोजक: राष्ट्रिय सहकारी बैंक लि.**

नमस्कार
९८६०९२२७१६
manoj.Lamichhane@ncbl.coop
fb.com/lnmanoj9841107569
मनोज लामिछाने
सहायक अधिकृत, राष्ट्रिय सहकारी बैंक लि.
सदस्य सेवा महाशाखा

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरुप सहकारी संघ/संस्थाको काम कारवाहीलाई जिम्मेवार, अनुशासित, पारदर्शी एवं विधिसम्मत तरिकाले संचालन एवं व्यवस्थापन गरी सहकारी संघ/संस्थामा सुशासन कायम गर्न तथा प्रभावकारी व्यवस्थापनका लागि प्रदेश सहकारी ऐन, २०७९ को दफा २४, दफा २६ को खण्ड (छ) र दफा ८१ को उपदफा (३) एवं प्रदेश सहकारी नियमावली, २०८० को नियम ४१ को उपनियम (३) र नियम ४८ को उपनियम (१) को खण्ड (झ) बमोजिम सहकारी संघ/संस्थाको लागि मिति २०८३।०४।२६ मा जारी निर्देशन

Cooperative Build a Better World    #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१. आ.व. २०८२/०८३ को कारोबारको लेखा परीक्षणका लागि साधारण सभाले स्वीकृत गरेको लेखापरीक्षक नियुक्त गरी प्रदेश सहकारी ऐन, २०७९ को दफा ६६ (३) बमोजिम नियुक्तिको जानकारी पठाउने व्यवस्था मिलाउने । सहकारी संस्थाको लेखांकन नेपाल लेखामान बोर्डले निर्धारण गरेको ढाँचामा राखी सो को लेखापरीक्षण सहकारी विभागबाट जारी सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ ले तोकेको प्रक्रिया अनुसार गर्ने गराउने । संस्थाको वित्तीय विवरणका अलावा नियामक निकायमा पेश गर्ने लामो फारम प्रतिवेदन (Long form Report) र जोखिम अवस्था मूल्यांकन फारम अनिवार्य रुपमा पठाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

२. सहकारी संघ/संस्थाहरूले लेखा परीक्षण गराउने कार्य समयमै सम्पन्न गरी साधारणसभामा छलफल हुने विषय, कार्यक्रम लगायत निर्वाचन वा रिक्त पदमा उप-निर्वाचन सम्बन्धी कार्यक्रम भए सो कार्यक्रम तालिकासमेत राखी ३० दिन अगावै सदस्यहरूलाई जानकारी गराई तोकिएको समयभित्रै साधारणसभा सम्पन्न गरी ३० दिनभित्र प्रदेश सहकारी ऐन २०७९ को दफा ६३ बमोजिमका कागजातहरू समेत संलग्न राखी वार्षिक प्रतिवेदन बुझाउने।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

३. सहकारी संघ/संस्थाहरूले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र साधारणसभा गरी साधारण सभा सम्पन्न भएको ३० दिनभित्र सोको विवरण नियमित अद्यावधिक गर्नुपर्नेछ । विवरण अद्यावधिक नगरी लगातार २ वर्षदेखी कुनै पनि कारोबार नगरेका संघ संस्थालाई निष्कृय घोषणाको प्रकृया अगाडी बढाइने समेत जानकारी गराइन्छ । साथै संस्थाहरूले साधारणसभा सञ्चालन गर्दा तडकभडकपूर्ण उद्घाटनसत्र नगरी सोझै बन्दसत्रमा प्रवेश गर्ने एवं सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्दा सहकारी संस्थाको साधारणसभा (कार्य व्यवस्था) निर्देशिका, २०७६ ले तोकेको प्रक्रिया पूरा गर्ने

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

३. र निर्वाचित पदाधिकारीको तीनपुस्ते विवरण रजिष्ट्रार कार्यालय समक्ष पेश गर्ने । निर्वाचित सञ्चालकहरु तथा सञ्चालकद्वारा नियुक्त कर्मचारीले आफ्नो कार्यकालमा सिर्जना भएका दायित्व फरफारक गर्ने जिम्मासेत उनीहरुकै हुने भएकाले दायित्व फरफारक नगर्ने मनसायले राजीनामा दिने, जिम्मेवारी पन्छाउने खालका कार्य गर्न पाइनेछैन । कुनै कारणबाट संस्थाको जिम्मेवारीबाट अलग भएपनि उक्त समयमा सिर्जना भएको दायित्व वहन गर्ने जिम्मा तत्कालीन सञ्चालक समितिका पदाधिकारी वा कर्मचारीकै हुने भएकाले जिम्मेवारीपूर्वक कार्यसञ्चालन गर्ने गराउने ।

Cooperative Build a Better World    #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

४.  अनुगमनको क्रममा कतिपय सहकारी संघ/संस्थाले कर्जा जोखिम कोषमा पर्याप्त रकम जम्मा नगरी खुद बचत बाँडफाँट गरेको पाइएको हुँदा यस आ.व. को लेखापरीक्षण हुँदा नियमानुसार कर्जा जोखिम कोषमा पर्याप्त रकम छुट्याएर मात्र खुद बचत बाँडफाँट गर्ने व्यवस्था मिलाउने । साथै भाखा नाघेको ऋण असुलीको लागि प्रदेश सहकारी ऐन, २०७९ को दफा ६९ र प्रदेश सहकारी नियमावली, २०८० को नियम २८, २९, ३० र ३१ का विधि र प्रक्रियाहरु अपनाई असुल उपर गर्ने कार्ययोजना तयार गरी ऋण असुलीलाई प्रभावकारी बनाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

५. प्रचलित कानुनमा तोकिएको सीमा भन्दा बढी ऋण लगानी गरेमा, ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा, एक पटक दिएको सुरक्षण रीतपूर्वक फुकुवा नभई ऋण दिएमा, धितोको अवास्तविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिए वा दिएको कसुर गरेको मानिने हुँदा प्रदेश सहकारी ऐन, २०७९ को दफा ८८ मा उल्लेख भए बमोजिमका अन्य कसुरजन्य कार्य नगर्ने नगराउन सचेत गराउँदै विना धितो, पर्याप्त सुरक्षण नराखी ऋण लगानी नगर्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

६. प्रदेश सहकारी ऐन, २०७९ को दफा ५० (२) मा विषयगत वा बहुउद्देश्यीय सहकारी संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न नपाउने र बचत तथा ऋणको मुख्य कारोबार गर्दै आएको भए ती संस्थाले तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्ने व्यवस्था मिलाउने भन्ने व्यवस्थालाई पालना गर्न आगामी बजेट तथा कार्यक्रम निर्माण गर्दा सो अनुरुप हुने गरी साधारणसभा मार्फत व्यवस्था मिलाउने ।

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

७. प्रदेश सहकारी ऐन, २०७९ को दफा ६६ (४) बमोजिम "लेखा परीक्षण गर्न नियुक्त लेखा परीक्षक दफा ६७ (३) बमोजिम अयोग्य भएमा वा निजको मृत्यु वा अन्य कारणले लेखा परीक्षण गर्न सम्भव नभएको कुरा पुष्टि हुने आधार र कारण खोली आगामी साधारणसभाबाट अनुमोदन गरिने, सञ्चालक समितिले रोष्टरमा भएका नामावलीको क्रमका आधारमा अर्को लेखापरीक्षकबाट लेखापरीक्षण सम्पन्न गराउन सक्नेछ। त्यसरी लेखा परीक्षण गराएको जानकारी रजिष्ट्रार कार्यालयलाई दिनु पर्नेछ।" भन्ने व्यवस्था भएकाले लेखा परीक्षक नियुक्तिका लागि साधारणसभामा प्रस्ताव लैजाँदा रोष्टर तयार गरी लैजाने व्यवस्था मिलाउने।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

८. संस्थाको साधारणसभाले निर्धारण गरेको बजेटको सीमाभित्र रही खर्च गर्ने, अनावश्यक र देखावटी खर्च नगर्ने, साथै सदस्यको क्षमता विकास गर्न सदस्य केन्द्रित सदस्य शिक्षा, वित्तीय साक्षरता, विस्तारित मञ्चका कार्यक्रमहरु बजेट, कार्यक्रम र कार्ययोजना तयार गरी सञ्चालन गर्ने, गराउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

९. सबै सहकारी संघ संस्थाहरुले सहकारी विभागबाट सञ्चालनमा रहेको सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली COPOMIS मा अनिवार्य आबद्ध भई संस्थाको मासिक तथा वार्षिक कारोबारको विवरण, निर्वाचन सम्बन्धी विवरण, सदस्यको विवरण, साधारणसभाको प्रतिवेदन, सम्पत्ति शुद्धीकरण सम्बन्धी विवरण, सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको मासिक बैठक तथा ऋण लिएको विवरण लगायतका विवरणहरू नियमितरूपमा अद्यावधिक गर्ने व्यवस्था मिलाउँदै कानुनले तोके अनुसारको दोहोरो सदस्यता अन्त्य गर्ने ।

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१०. सहकारी संघ/संस्थाहरू एवं सहकारी बैंकले ऋण लगानीलाई अधिकतम उत्पादनमुखी, स्थानीय स्रोतसाधनहरूको प्रभावकारी परिचालन, व्यवसायिकताको विकास, वातावरण संरक्षण, रोजगारी सिर्जना आदिमार्फत गरिबी न्यूनीकरणतर्फ उच्च प्राथमिकता दिनुपर्ने । संस्थाको स्वीकृत विनियमको उद्देश्य र कार्य विपरीत व्यापार मात्र गर्ने उद्देश्यले कुनै पनि मालसामान तथा अचल सम्पत्ति खरिद नगर्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

११. सहकारी संघ/संस्थाहरू समाजको आवश्यकताका आधारमा सदस्यहरूबाट सङ्कलित शेयर र बचत सदस्यलाई स्वावलम्बी बनाउन तिनै सदस्यलाई ऋण दिने हुनाले सो ऋण फिर्ता नगरी सदस्यको बचत फिर्ता गर्न सकिंदैन, स्वयं ऋणी कालोसूचीमा पर्ने, कालोसूचीमा परेका व्यक्तिहरूले अन्य वित्तीय संस्थाहरूमा कारोबार गर्न नपाउने, अन्य सामाजिक कारोबारमा समेत सहभागी हुन नपाउने भएकाले हाल सहकारीको बारेमा चलेका अनर्गल हल्लाका पछि कुनै सदस्यहरू नलाग्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्धारा जारी विशेष निर्देशन

१२. नियामक निकायबाट स्वीकृति नलिई सेवा केन्द्र सञ्चालन गरेको भए तथा स्वीकृति लिएर पनि हालसम्म सेवा केन्द्र सञ्चालनमा नरहेको भए यथाशीघ्र बन्द गरी जानकारी रजिष्ट्रार कार्यालयलाई पठाउने ।

१३. सहकारी रजिष्ट्रारको कार्यालय, राष्ट्रिय सहकारी नियमन प्राधिकरण र नेपाल राष्ट्र बैंकबाट सहकारी संघ/संस्थालाई विभिन्न समयमा जारी गरिएको निर्देशनको पालना गर्ने गराउने व्यवस्था मिलाउने ।

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१४. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ बमोजिम सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन, २०७४ (संशोधन सहित) मा भएका व्यवस्था अनुसार STR/TTR/SAR प्रतिवेदन goAML मार्फत वित्तीय जानकारी इकाई (FIU) मा पठाउने व्यवस्था मिलाउने ।

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१५. वित्तीय कारोबार गर्ने संघ/संस्थाहरुले PEARLS Monitoring System लाई पालना गरी संस्थाको वित्तीय सुशासनलाई PEARLS का मानकले तोकेको सूचक भित्र राख्ने साथै संस्थाको समग्र व्यवस्थापकीय पक्षको अनुगमन (MLMAC-Mobilization of Saving and Credit, Legal Obligations, Management, Accountability and Transparency, Cooperation with Stakeholders) र सदस्य केन्द्रियता सूचकाङ्क (MCI) का सूचकहरुको पूर्ण परिपालन गर्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१६. सहकारी संघ संस्थाका संचालक तथा कर्मचारीले संस्थाको सम्पत्तिको अपचलन तथा निजी प्रयोजनमा मनोमानी गरेको पाइएमा ती संचालक तथा कर्मचारीको घरघरानाबाट सरकारी बाँकी सरह त्यस्ता रकमहरु असुल उपर गर्न प्रदेश सहकारी ऐन २०७९ को दफा ८८ मा भएका कसुरहरुको सम्बन्धमा दफा ९० बमोजिम सजायको व्यवस्था भएकाले त्यस्ता संचालक वा कर्मचारी रहेको कुनै जानकारी पाइएमा सम्बन्धित निकाय तथा प्रदेश सहकारी रजिष्ट्रार कार्यालय, जनकपुरधाममा कारवाहीका लागि निवेदन दिने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१७. सहकारी संघ/संस्थाहरुले तरलता कम्तीमा कुल बचतको १५% कायम राख्ने र सो भन्दा कम भए व्यवस्थापकले संचालक समितिलाई जानकारी गराउने । तरलता व्यवस्थापनमा संचालक समिति जिम्मेवार रहने । साथै सहकारी संघ/संस्थाहरुले मासिक रुपमा तरलताको गणना गर्ने व्यवस्था मिलाउने ।

१८. सहकारी संघ/संस्थाले कसैलाई कमिसन एजेन्ट राखी वा कसैलाई कमिसन वापत कुनै पारितोषिक दिएर शेयर, बचत र अन्य कुनै प्रकारको रकम संकलन नगराउने र सदस्य आफै संस्थामा गई मासिक बचत वा किस्ता भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१९. सहकारी संघ/संस्थाहरुले एउटै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको २०% भन्दा बढी हुने गरी शेयर बिक्री नगर्ने, एउटै सदस्यलाई प्राथमिक पूँजीकोषको अधिकतम १५% भन्दा बढी ऋण प्रवाह नगर्ने तथा एक सदस्यबाट प्राथमिक पूँजीकोषको १०% भन्दा बढी बचत स्वीकार नगर्ने, ऋणमा सन्दर्भ ब्याजदरले तोकेको सीमा भित्र मात्र ब्याज र अधिकतम १% मात्रै सेवा शुल्क लिने, आवधिक बचत बढीमा ३ वर्षसम्मको मात्र स्वीकार गर्ने, सदस्य केन्द्रित कारोबार मात्र गर्ने, एक व्यक्तिको शेयर नामसारीको रकम शेयर पूँजीको १५% भन्दा बढी हुनेगरी वितरण गर्न नहुने र आफ्नो कार्यक्षेत्रभित्र मात्र कारोबार गर्ने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

२०. सहकारी नियमावली, २०७५ को नियम ८१ (१) बमोजिम सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा रहन नसक्ने व्यवस्था अनुसार सहकारी संस्थाको दर्ता तथा नियमन सम्बन्धी कार्यमा प्रत्यक्षरुपमा संलग्न वा मनोनयन हुने सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको समिति वा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित वा मनोनित हुन सक्ने छैन भन्ने व्यवस्था रहेको हुँदा संघ/संस्थामा सो बमोजिम पदाधिकारी भए उक्त पद रिक्त मानी निर्वाचन/उपनिर्वाचनको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# मधेश प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

२१. सफ्टवेयर प्रयोग गर्ने सहकारी संघ संस्थाले कारोबारको लेखा मान्यता प्राप्त क्लाउडमा आधारित सफ्टवेयरमा राख्ने व्यवस्था मिलाउने ।

२२. माथि उल्लिखित निर्देशनहरुको परिपालना नगरेमा प्रचलित कानून बमोजिम सजाय तथा जरिवाना हुने व्यहोरा समेत यसै सूचनाबाट सबैको जानकारीका लागि प्रेषित गरिएको छ ।

हजुरहरुको
अपेक्षा
पुरा भयो त ?

# खुला छलफल

# धन्यवाद !

# फेरी भेटौंला !